# वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको स्थानीय राजपत्र

खण्डः ४ कागबेनी,मुस्ताङ, संख्याः ८ मितिः२०८०/०९/०२

## भाग-२

## वारागुङ मुक्तिक्षेत्र गाउँपालिका,गाउँ कार्यपालिकाको कार्यालय,मुस्ताङको सूचना

वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको नगद राहत स्वरुप संकलित रकम वितरण कार्यविधि, २०८०

प्रमाणिकरण मितिः-२०८०/०९/०१

प्रस्तावनाः- यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैरप्राकृतिक विपदबाट प्रभावित जनतालाई राहत तथा जिविकोपार्जन सहयोगार्थ प्रदान गर्ने उद्धेश्य अनुरुप गाउँपालिकाको अनुरोध तथा आह्वानमा संकलित नगद रकम नगद राहत सहयोग स्वरुप वितरण गरिने कार्यलाई व्यवस्थित एवम् संस्थागत गरी प्रकृयागत एकरुपता ल्याउनका लागि यस कार्यविधि बनाउन बाञ्छनीय भएकाले यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिका विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७५ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यापलिकाले यो कार्यविधि बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः-

(१) यो कार्यविधिको नाम "वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको राहत स्वरुप संकलित रकम(नगद सहायता) वितरण सम्बन्धि कार्यविधि २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ ।

२. परिभाषाः- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "ऐन" भन्नाले वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन ,२०७७ सम्झनु पर्दछ ।

(ख) "रकम" भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने प्रयोजनार्थ गाउँपालिकाको अनुरोध/आह्वानमा विभिन्न व्यक्त संघ तथा संस्थाबाट नगद राहत सहयोग स्वरुप गाउँपालिकाले तोकेको खातामा संकलन/जम्मा हुन आएको नगद भन्ने सम्झनु पर्दछ।

(ग) "नगद सहायता" भन्नाले विपद्को समयमा या विपद् पश्चात प्रभावित व्यक्ति वा परिवारलाई प्रदान गरिने आर्थिक (नगद) सहयोगलाई सम्झनु पर्दछ ।

(घ) "कोष" भन्नाले ऐनको दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोषलाई सम्झनु पर्दछ ।

(ङ) "प्रभावित व्यक्ति" भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएको, शारिरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गा, पशुपन्छी, खाद्यान्न लत्ताकपडा तथा अन्य सम्पत्तिमा आंशिक वा पूर्ण रुपमा नोक्सानी पुगेको वा विपद् का कारण अन्य कुनै तरिकावाट प्रभावित भएको व्यक्तिलाई सम्झनु पर्दछ।

(च) "लाभग्राही" भन्नाले विपदको घटनाबाट परिवारका सदस्य गुमाएको, शारिरिक वा मानसिक समस्या उत्पन्न भएको, घर, जग्गा, पशुपन्छी, खाद्यान्न लत्ताकपडा तथा अन्य सम्पत्तिमा आंशिक वा पूर्ण रुपमा नोक्सानी पुगेको वा विपद्का कारण अन्य कुनै तरिकावाट प्रभावित भई यस कार्यविधि वमोजिम नगद राहत प्राप्त गर्ने व्यक्ति(एक घर वा एकाघरको एक मात्र) सम्झनु पर्दछ।

(छ) "पूर्ण क्षती" भन्नाले विपदको कारणले भौतिक संरचनाको सम्पुर्ण भाग नष्ट/नास भएको भन्ने सम्झनु पर्दछ।

(ज) "आंशिक क्षती" भन्नाले विपदको कारणले भौतिक संरचनाको केहि वा आंशिक भाग नष्ट/नास भएको भन्ने बुझ्नु पर्दछ।

(झ) "पशु जन्य क्षती" भन्नाले कुनै पनि प्रकारको विपदको कारणले गर्दा अनुसुची-३ वमोजिमको पशु चौपायाको क्षती भन्ने सम्झनु पर्दछ।

(ञ) "समिति" भन्नाले यस गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यस्थापन गर्न बनेको ऐनको दफा ३ बमोजिमको गाउँ विपद् व्यवस्थापन समितिलाई सम्झनु पर्दछ।

(ट) "उप-समिति" भन्नाले गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यस्थापन ऐनको दफा २१ अनुसार आवश्यकता रहेमा गठन गरिने नगद-संञ्चालन अनुगमन तथा मुल्याङकन उप-समितिलाई सम्झनु पर्दछ।

(ठ) "संयोजक" भन्नाले समितिको संयोजकलाई सम्झनु पर्दछ ।

(ड) "वित्तिय सेवा प्रदायक" भन्नाले कुनै पनि बैंक, सहकारी संस्था, रेमिटयान्स कम्पनी वा सोही अनुसारका नेपाल सरकारको प्रचलित कानुन तथा नियम अनुसार स्थापना भई विभिन्न प्रकारले वित्तिय सेवाहरु प्रदान गर्ने वा गरेका संस्थालाई सम्झनु पर्दछ।

(ढ) "विद्युतीय नगद" भन्नाले विधुतीय माध्यमबाट लाभग्राहीसम्म पुर्याईएको नगद रकम तथा पुर्याउने विधिलाई सम्झनु पर्दछ ।यस अन्तर्गत बैंक तथा वित्तीय सेवा प्रदायकहरुको खातामा जम्मा गरेको रकम, मोबाइल फोनको एस.एम.एस. मार्फत पठाइएको रकम, विधुतीय कार्डहरुमा जम्मा गरिएको रकम तथा उक्त सेवाप्रदायकहरु मार्फत् जम्मा गरिने या लाभग्राही सम्म पुर्याउने जस्ता कार्यलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## नगद सहायताको औचित्य, उद्देश्य तथा नगदको श्रोत

३. नगद सहायताको औचित्यः विपद् पश्चात प्रदान गरिने राहतको बढ्दो विविधीकरणसँगै बढ्दो एवं विभिन्न न्यूनतम् आवश्यकताहरु हुने र ति मध्ये अति आवश्यक वस्तु हासिल गर्न सहयोग पुर्याउने उद्देश्यले वस्तुगत राहत सामग्रीसंग वा अलग्गै राहत स्वरुप नगद सहायता प्रदान गर्ने प्रावधान रहेको छ ।

४. नगद सहायताको विशेष उद्देश्य :

विपद पश्चात स्थानीय बजार तथा सेवाहरु आंशिक या पूर्ण रुपमा सञ्चालन भएको, अथवा प्रभावित समुदायहरु शिघ्र पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माणको अवस्थामा आइपुगेको अवस्थामा नगद सहायता गर्नुको निम्नानुसारका विशेष उद्देश्यहरु रहेका छन्ः

(१) मानवीय सहायतालाई मर्यादित बनाउनुका साथै विपद् प्रतिकार्यलाई छिटो, छरितो र सहभागितात्मक बनाउने,

(२) न्यूनतम राहत बाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनको माध्ययमबाट विपद् प्रभावितहरुको जीविकोपार्जनमा सहयोग पुर्याउने,

(३) गुणक प्रभावद्वारा आर्थिक पुनर्लाभमा सहयोग पुर्याउने,

(४) विपद् प्रभावित घर/परिवारले आ-आफ्नो अवस्था (क्षतिको स्तर, अत्यावश्यक वस्तुहरु आदि) अनुसार सहज रुपमा आफ्नै छनौट अनुसार वस्तु एवं सेवा प्राप्त गर्न सहज बनाउने,

(५) नगद प्रवाह मार्फत स्थानीय बजार तथा सेवा सुचारु गर्न मद्धत पुर्याउने,

(६) नगद सहितको राहत सहयोग मार्फत व्यक्तिगत रुपमा अत्यावश्यक सेवा-सुविधा तथा सामग्री हासिल गरी समतामूलक तथा गरिमामय जीवन निर्वाह गर्न मद्दत पुर्याउने र सुरक्षाका चुनौतीहरुलाई समेत सामना गर्न सहज बनाउने ।

५. नगद सहायताको श्रोतः

**(१)** नगद सहायता कार्यक्रमकै उद्देश्यले संघ, सम्बन्धित् प्रदेश एवं जिल्ला बाट उपलब्ध गराइएको राहत सहयोग (नगद),

**(२)** नगद सहायता कार्यक्रमकै उद्देश्यले छिमेकी स्थानीय तहहरुबाट प्राप्त सहयोग,

**(३)** विपद् व्यवस्थापन तथा मानवीय सहयोगको क्षेत्रमा कार्य गरिरहेका, तथा गर्न इच्छुक साझेदार संघ, संस्था, तथा निकाय मार्फत कार्यक्रमको लागि स्वीकृत विनियोजित बजेट,

**(४)** साझेदार संघ, संस्था, बिकास साझेदार तथा संयुक्त राष्ट्रसंघका नियमित तथा विशेष कार्यक्रम मार्फत उपलब्ध गराइएको आर्थिक सहयोग,

**(५)** प्रचलित कानुनको अधिनमा विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने प्रयोजनार्थ गाउँपालिकाको अनुरोध/आह्वानमा विभिन्न व्यक्त संघ तथा संस्थाबाट नगद राहत सहयोग स्वरुप गाउँपालिकाले तोकेको खातामा/स्थानीय प्रकोप व्यवस्थापन कोष खाता संकलन/जम्मा हुन आएको नगद आम्दानी ।

## परिच्छेद - ३

## कार्यविधिको उद्देश्य तथा प्रयोग

६. कार्यविधिको उद्देश्य तथा प्रयोग

(१) वारागुङ मुक्तिक्षेत्रको गाउँपालिकाको विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्न बनेको ऐन २०७७ ले प्रदान गरेको व्यवस्था अनुसार यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाले विपद् व्यवस्थापन कार्यलाई अझ व्यवस्थित गर्न अन्तर्राष्ट्रिय एवं राष्ट्रिय प्रतिबद्धताहरुलाई कार्यन्वयन गर्न एवं विकासको बढ्दो अवस्थामा नयाँ र छरितो पद्धति एवं औजारहरु प्रयोग गरी प्रतिकार्यलाई सरल, पारदर्शी र सहभागितामुलक बनाउने उद्देश्यले ऐनको दफा ११ अनुसार सबै संघ संस्था एवं निकायहरुसंग समन्यव एवं साझेदारी गरी अध्ययन, विकास एवं कार्यान्विन गर्न/गराउन,

(२) कार्यक्रमको उपयोगिता तथा प्रभावकारिता सुनिश्चित गर्न सघाउ पुर्याउने उद्देश्यले विपद्को अवस्थाको अध्ययन, विपद्-पश्चात बजारको स्थिति तथा अवस्थाको अध्ययन, प्रभावित व्यक्ति तथा परिवारहरुको विशेष आवश्यकताको अध्ययन, नगद सहायता कार्य गर्न अपनाइने अन्य आधारभूत अध्ययनहरु गर्न/गराउन,

(३) तथ्यांक संकलन तथा विश्लेषण, योजना निर्माण एवं कार्यान्विन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यमा समान बुझाई एवं एकरूपता प्रदान गर्न/गराउन

(४) विभिन्न अध्ययन तथा लेखाजोखाहरुको विश्लेषणको आधारमा अवस्थानुसार निर्णय गरी आवश्यक एवं उपयुक्त नगद सहायता कार्यक्रम सञ्चालन गर्न/गराउन,

(५) प्रति लाभग्राहीलाई प्रदान गरिने नगद सहायताको परिमाण निर्धारण गर्न/गराउन,

(६) गैर सरकारी संस्था एवं अन्य साझेदारी संघ-संस्था तथा निकायहरुसंग/द्वारा राहत स्वरुप प्रदान गरिने नगद सहायतालाई व्यवस्थापन गर्न/गराउन,

(७) आवश्यक निर्देशन, अनुगमन तथा मूल्यांकन गर्न,

(८) राहतको रुपमा प्रदान गरिने नगद सहायता सम्बन्धी मापदण्ड स्वीकृत गरी कार्यन्वयन गर्न/गराउन, सोहि प्रकृतिका कार्यक्रमहरुको स्वीकृती दिने/नदिने निर्णय गर्न,

(९) समितिको निर्णय अनुसार ऐनको परिधिभित्र रही आवश्यक पर्न जाने अन्य कार्य गर्न/गराउन, र

(१०) सहयोगी साझेदार संघ/संस्था तथा निकायहरुको कार्य तथा सहयोगलाई निम्नानुसार व्यवस्थापन गर्न/गराउन

(क) यस कार्यविधिको प्रावधान बमोजिम कार्य गर्न यस गाउँपालिकालाई सहकार्य मार्फत सहयोग गर्न,

(ख) तथ्यांक संकलन तथा विश्लेषण, योजना निर्माण एवं कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्य गर्न यस गाउँ विपद् व्यवस्थापन समितिलाई सहकार्य मार्फत सहयोग गर्न,

(ग) विभिन्न अध्ययन तथा लेखाजोखाहरुको विश्लेषणको आधारमा अवस्थानुसार तथ्यपरक निर्णय गर्न समितिसंगको सहकार्य मार्फत सहयोग गर्न,

(घ) नगद सहायता कार्यक्रमलाई नियमित प्रकृतिको राहतको प्याकेजमा समावेश गर्न प्राविधिक सहयोगको आवश्यकता पर्दा उक्त सहयोगलाई विशेष प्राथमिकता दिई सहकार्य मार्फत सहयोग गर्न,

(ङ) प्रभावित व्यक्ति तथा परिवारलाई सहकार्यात्मक रुपले नगद सहायता कार्यक्रम सञ्चालन गर्न इच्छुक नेपाल सरकारबाट मान्यता प्राप्त संघ-संस्था, व्यापारिक केन्द्र, निजि क्षेत्र, धार्मिक तथा

परोपकारी संस्थाहरु तथा व्यक्तिहरुले ऐनको परिधिभित्र रहि नगद सहायताको पद्दति/ढाँचा (मोडालिटी) तयार गरी यस कार्यविधि अनुरुप कार्यक्रम बनाई समितिसंगको सहकार्य एवं साझेदारीमा प्रचलित कानूनसंमत रही सञ्चालन गर्न,

(च) नगद सहायता कार्यक्रमलाई प्रभावकारी बनाउन विपद् पूर्व गरिने लाभग्राहीहरुको विस्तृत तथ्याङ्क सङ्कलन एवं विश्लेषण, वित्तीय सेवाप्रदायकहरुको उपस्थिति, क्षमताको आँकलन एवं आवश्यक सम्झौता, जीविकोपार्जन तथा विपद्ले प्रभाव पार्न सक्ने आर्थिक क्षेत्रहरुको विश्लेषण आदि कार्य गर्न दक्ष तथा अनुभवी जनसक्ति सहित यस गाउँपालिकालाई सहयोग गर्न ।

## परिच्छेद -४

## लेखाजोखा तथा विश्लेषण

७. नगद सहायता कार्यक्रमः अवस्था लेखाजोखाः

(क) प्रचलित विधिसंमत विपद्को प्रभाव लेखाजोखाको आधारमा नगद सहायता कार्यक्रम संचालन गर्ने या नगर्ने निर्णय समितिले गर्ने छ।

(ख) नगद प्रवाह सम्बन्धी सहकार्य गर्न बैंक तथा वित्तीय सेवा प्रदायकहरुको उपस्थिति, उपलब्ध सेवाहरु, प्रविधि तथा क्षमता आदिको जानकारी संकलन गरिनु पर्दछ जसले नगद सहायताको ढाँचा/मोडालिटी छनौट गर्ने प्रक्रियामा निर्णायक आधार प्रदान गर्ने छ ।

८. नगद सहायता कार्यक्रमः अवस्था विश्लेषणः

(१) विभिन्न तथ्यांक संकलनका औजारहरु तथा पद्दति मार्फत संकलित सूचनाहरुका आधारमा नगद सहायता कार्यक्रम सञ्चालन गरिने छ ।

(२) दफा ७ अनुसार संकलित सूचनाहरु, विपद्को अवस्थाबारे संकलित नियमित बुलेटिन तथा अवस्थाबारे आधिकारिक जानकारीहरु र जोखिम विश्लेषणको आधारमा नगद सहायता गर्नु उचित या अनुचित भन्ने निश्कर्ष सहित यस वारागुङ मुक्तिक्षेत्र गाउँपालिका विपद व्यवस्थापन समिति वा समितिको निर्णय अनुसार नगद सहायता सञ्चालन अनुगमन तथा मुल्यांकन उप- समितिले निर्णय गर्ने छ ।

(३) नगद सहायता कार्य गर्न अथवा नगद प्रवाह गर्दा हुन सक्ने जोखिम, सम्भावित असरहरु तथा न्यूनीकरणका उपायहरु अध्ययन अनिवार्य रूपमा गरिनेछ।

(४) संकलित सूचना तथा तथ्यांकहरुको विश्लेषण आधारमा कार्यक्रम सञ्चालन गर्ने या नगर्ने, गर्ने भए कुन ढाँचा/मोडालिटीको गर्ने, कहिले र कसरी गर्ने भन्ने बारेमा निर्णय गरिने छ र सम्बन्धित् सबैलाई जानकारी गराइनेछ।

## परिच्छेद -५

## लक्षित व्यक्ति, घरपरिवार तथा लाभग्राही निर्धारण

९. लक्षित समुह निर्धारण सम्बन्धी व्यवस्थाः

(१) विपद्ले जन-धनमा व्यापक क्षति गरेको तथा क्षतिको प्रभाव कुनै निश्चित भूभागमा एकनाशको देखिएमा प्रभावित समुदायहरुका सबै घरधुरी सामेल हुने गरी लक्षित समुह निर्धारण गरिने छ।

अकस्मात हुने विपद् (जस्तै बाढी, पहिरो, भूकम्प, वन्यजन्तुको आक्रमण, खडेरी, आदि) को सुरुवाती चरणमा आवश्यकता तथा श्रोतको उपलब्धताको आधारमा सहायता प्रदान गर्नेबारे समितिले निर्णय गर्ने छ ।

(२) विपद्ले जन-धनमा व्यापक क्षति गरेको तर क्षतिको प्रभाव भिन्न भिन्न भएको अवस्था भएमा सबैभन्दा बढि प्रभावित, अति विपन्न, उच्च संकटासन्न अवस्थामा रहेका तथा यस्तै सूचकहरूको आधारमा व्यक्ति, घर-परिवार तथा समुदायहरुलाई छनौट गरी नगद सहायता प्रदान गरिने छ।

(३) छनौट प्रक्रियालाई पारदर्शी बनाईने छ र गुनासोलाई व्यवस्थित तबरले संकलन तथा सम्बोधन गर्न प्रबन्ध मिलाउनु पर्ने छ।

(४) छनौट प्रक्रियामा प्रभावित समुदायको सहभागिता गराइने छ जसबाट विशेष अवस्था तथा आवश्यकताबारेमा वस्तुगत जानकारी प्राप्त हुने छ।

(५) लक्षित व्यक्ति, घर-परिवार(लाभग्राही)को अन्तिम सूची तयार गरी सो सम्बन्धमा समितिले सम्बन्धित वडा कार्यालय मार्फत सम्बन्धित वडा स्तरिय विपद व्यवस्थापन समितिलाई जानकारी दिनेछ। साथै सो सम्बन्धि सूचना प्रकाशन गर्ने/गराउने छ।

(६) उपदफा(५) वमोजिम सम्बन्धित वडा स्तरिय विपद व्यवस्थापन समितिलाई गराईएको जानकारी अनुसारका लक्षित व्यक्ति, घर-परिवार(लाभग्राही)लाई यस कार्यविधिको अनुसूची-१ वमोजिम बर्गिकरण गरि नगद राहत वितरणकाका लागी सोही वमोजिम लाभग्राही वर्गिकरणका लागी सिफारिस गर्न तथा उपदफा(५) वमोजिम जानकारी गराईए अनुसार लाभग्राही थपघट गर्न पर्ने वा नपर्ने सो को एकिन गर्न भनी समितिले वडा स्तरिय विपद व्यवस्थापन समितिलाई जानकारी गराउने छ।

(७) उपदफा(५) वमोजिम जानकारी गराईएको लाभग्राही सम्बन्धि सूचना अनुसार लाभग्राही वर्गिकरण गरि साथै उक्त विवरणमा थपघट गर्नुपर्ने भएमा सो सम्बन्धि विवरण र वर्ग समेत अध्यावधिक गर्न भनी सम्बन्धित वडा स्तरिय विपद व्यवस्थापन समितिले आवश्यक निर्णय गरि दफा ११(२) अनुसारको कागजात सहित समितिलाई सिफारिस गर्ने छ।

१०. लाभग्राहीको माग निवेदन संकलन सम्बन्धी व्यवस्थाः

(१) दफा ९ अनुसारको अन्तिम सूची तयार भइसकेपछि यस कार्यविधि अनुसार नगद सहायता प्राप्त गर्न यस कार्यविधिमा तोकिएको कागजात तथा प्रमाण सहित सम्बन्धित वडा स्तरीय विपद व्यवस्थापन समितिले लाभग्राहीबाट माग निवेदन संकलन गरि सो सम्बन्धमा आवश्यक निर्णय गरि नगद राहत उपलव्ध गराईदिन भनि गाउँ विपद व्यवस्थापन समितिलाई सिफारिस गर्नेछ।

(२) अनुगमनको सिफारिस तथा गुनासो सुनुवाइको आधारमा लाभग्राही दर्ता अद्यावधि गरिने छ।

**परिच्छेद -६**

## नगद सहायता वितरण तथा परियोजना सञ्चालन

११. नगद राहत सहायता वितरणः (१) पूर्ण क्षती,आंशिक क्षती तथा अन्य क्षती भएका विपद पिडितलाई यस कार्यविधि वमोजिम गाउँ विपद व्यवस्थापन समितिको निर्णानुसार तत्काल राहत वितरण गर्न सकिनेछ। विपद पिडितलाई नगद राहत प्रदान गर्ने प्रयोजनका लागी वडा स्तरीय विपद व्यवस्थापन समितिको सिफारीसमा अन्य आवश्यक जाँचबुझ गरी गाउँ विपद व्यवस्थापन समितिले अनुसूची-१ बमोजिम वर्गिकरण गर्नेछ।

(२) उपदफा(१) वमोजिम वर्गिकृत विपद पिडितले यस कार्यविधी अनुसार प्राप्त गर्ने नगद राहत दर निर्धारण सम्बन्धमा समितिले निर्णय गर्न सक्नेछ।साथै विपद पिडितले यस कार्यविधि वमोजिम नगद राहत रकम(नगद सहायता) प्राप्त गर्नको लागी पिडित स्वयम् वा निजको एकाघरको सदस्यले वडा स्तरीय विपद व्यवस्थापन समितिमा तपशिल वमोजिमको कागजात सहित निवेदन दिनु पर्नेछ। पेश भई आएको माग निवेदन उपर आवश्यक जाँचबुझ गरि सो सम्बन्धमा यस कार्यविधिको अनुसूची-१ अनुसार विपद पिडितको बर्गिकरण सम्बन्धि निर्णय समेत गरि नगद राहत प्रदान गराउन भनि गाउँ विपद व्यवस्थापन समितिमा सिफारिस गर्नुपर्नेछ।

तपशिलः

(१) नागरिकता प्रमाण पत्रको प्रतिलिपि थान-१

(२) क्षती भएको घर भएको जग्गाको/जग्गाको जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि थान-१

(३) व्यवसाय दर्ता प्रमाण पत्र र व्यवसाय दर्ता प्रमाण पत्रको नविकरणको प्रतिलिपि थान-१(व्यवसायीहरुको हकमा मात्र)

(४) गाउँपालिकाबाट प्राप्त गरिने/गरिएको नगद राहत रकम प्रचलित कानुनअनुसार बाहेक अन्य प्रयोजनका लागी प्रयोग नगर्ने प्रतिवद्धता सहितको स्वघोषणा पत्र थान-१

(५) नगद राहत माग निवेदन साथ संलग्न कागजात सबै साँचो/सत्य भएको तथा स्वयम् पिडित व्यक्तिकै भएको, पछि सम्म फरक नपर्ने, यदि फरक परेमा कानुन वमोजिम सम्बन्धित व्यक्ति स्वयम् आफैले सहुँला बुझुँला भन्ने व्यहोराको स्वघोषणा पत्र थान-१

(६) अन्य कागजातहरु

(३)उपदफा(२)वमोजिम प्राप्त निवेदन अनुसार वडा स्तरीय विपद व्यवस्थापन समितिले गरेको सिफारिस उपर आवश्यक जाँचबुझ तथा छलफल गरि नगद राहत वितरणको लागी तपशिल वमोजिमको प्रमाणका आधारमा समितिले नगद राहत दर सम्बन्धि आवश्यक निर्णय गरी सोही अनुसार गाउँ कार्यपालिकामा अनुमोदनका लागी पेश गर्नेछ।यसरी पेश भई आएको निर्णय कार्यपालिकाले अनुमोदन गर्नेछ।

तपशिलः

१. विपदले पुऱ्याएको क्षतीको विवरण सहितको प्रहरी मुचुल्का थान-१

२. समितिको अनुगमन प्रतिवेदन-१

३. अन्य आवश्यक कागजातहरु

तर उपदफा (१),(२) र (३) मा जेसुकै लेखिएको भएतापनी एउटै विपदको कारणबाट भएको पूर्ण तथा आंशिक क्षतीको लागी नगद राहत वितरण भई सकेपछि थप क्षती भएको वा पूर्ण क्षती भएको भनी थप राहतको लागी सिफारिश गरिने छैन।

४. नगद सहायता वितरण सम्बन्धी व्यवस्थाः

(१) दफा १० अनुसार लाभग्राहीको माग निवेदन संकलन/प्राप्त गरि सकेपछि यस कार्यविधिको मार्गनिर्देशनमा कुनै कारणले ढिलो नगरी नगद सहायता वितरण गरिने छ।

(२) लाभग्राहीहरुको हातमा समयमै सहायता पुर्याउनका लागि पिडित तथा प्रभावित व्यक्तिको व्यक्तिगत खाता मार्फत उपलव्ध गराईनेछ।

(३) लाभग्राहीहरुको हातमा सिधै नगद राहत प्रदान गर्दा सुरक्षाको चुनौतिहरु पनि बढ्ने हुनाले बैंक तथा वित्तीय सेवा प्रदायकले उपलब्ध गराएको खातामा जम्मा गरिदिने पद्दतिको विकास तथा विस्तार गरिने छ र उक्त कार्यका लागि यस गाउँपालिकाले सम्बन्धित संघ संस्थालाई अनुरोध गर्न सक्ने छ ।

(४) स्थानीय सुरक्षा संयन्त्रको परिचालन गरी सुरक्षा चुनौतिहरु सम्बोधन गर्न यस गाउँपालिकाले आवश्यक समन्वय तथा निर्णयहरु गर्ने छ।

(१) नगद सहायता कार्यलाई प्रभावकारी बनाउन तथा समयानुकुल बनाउन समितिले विभिन्न बैंक तथा वित्तीय सेवा प्रदायकहरुलाई आवश्यक निर्देशन दिन सक्ने छ।

## परिच्छेद -७

## अनुगमन तथा मुल्याङकन

१२. क्षतीको अनुमगन तथा मुल्याङ्कनः (१)नगद सहायता प्रदान गर्ने प्रयोजनार्थ विपदको कारणबाट भएको आंशिक तथा पूर्ण क्षतीको एकिन गर्नका लागी सो को अनुगमन गाउँ विपद व्यवस्थापन समितिले गर्नेछ। साथै उक्त अनुगमन प्रतिवेदन अनुसार क्षतीको मुल्याङ्कन गरि गाउँ विपद व्यवस्थापन समितिले सो सम्बन्धमा आवश्यक निर्णय गर्नेछ।

(२) अनुगमनका क्रममा कुनै व्यक्ति अथवा संलग्न संस्थाले झुट्टा विवरण पेश गरी व्यक्ति, संथा तथा अन्य स्वार्थका उद्देश्यले नगद सहायता कार्यक्रम सञ्चालन गरेको पाईएमा दोषी उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

(३)उपदफा (१) बमोजिमको अनुगमन टोलीमा उपलब्ध भएसम्म विपद् व्यवस्थापन सम्बन्धी कार्यमा संलग्न संघ संस्था, उद्योग-व्यवसायसंग आवद्ध संगठन, नागरिक समाज तथा पत्रकार आबद्ध संघ-संगठन र सहायता उपलब्ध गराउने व्यक्ति वा संघ संस्था/निकायको प्रतिनिधि समेतलाई संलग्न गराईनेछ।

(४)उपसमिति सम्बन्धि व्यवस्थाः

(क) यस कार्यविधि बमोजिम नगद सहायता कार्यको नियमित तथा आकस्मिक अनुगमन सम्बन्धी कार्यका लागि समितिको संयोजक वा निजले तोकेको समितिको अन्य कुनै सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार उपसमिति गठन गर्न सकिनेछ।

(ख) उपदफा (४) (क) बमोजिम गठन गरिएको उपसमितिले आफूलाई प्राप्त कार्यादिशका आधारमा सम्पादन गरिएको कार्यको प्रतिवेदन समिति समक्ष पेश गर्नुपर्नेछ ।

(ग) उपदफा (४) (ख) बमोजिम पेश हुन आएको प्रतिवेदन समेतका आधारमा नगद सहायता कार्यक्रम सञ्चालनमा कुनै कमी कमजोरी भएको देखिएमा त्यसलाई सुधार गर्न समितिले आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(घ) नगद सहायता सम्बन्धी कुनै पनि कार्यमा कुनै गम्भिर त्रुटी रहेको र त्यसलाई तत्काल रोक्न आवश्यक देखिएमा संयोजकले त्यस्तो कार्य रोक्न निर्देशन दिन सक्नेछ ।

(५)जुनसुकै पद्दति अपनाई प्रदान गरिएको नगद सहायताको उपयोगिता, यसले पार्न सक्ने सकारात्मक तथा नकारात्मक दुवैखाले प्रभाव/असरहरू एवं कार्यक्रमको सान्दर्भिकता आदिको विश्लेषण गर्न र भविश्यमा यस प्रकृतिका कार्यक्रमहरुको सफल कार्यान्वयन गर्ने, गराउने हेतुले बितरणपश्चात गरिने "वितरण पश्चातको अनुगमन/PDM लाई नियमित गर्ने व्यवस्था गरिने छ।

(६)नगद सहायता कार्यक्रमको मूल्यांकन सम्बन्धी व्यवस्थाः

(१) नगद सहायता कार्यक्रम (हरु) को 'उपर्युक्तता", "कुशलता" तथा "प्रभावकारीता" दर्शाउने मुल्यांकन गर्नु आवश्यक रहन्छ।

(२) यस प्रकृतिका नगद सहायता कार्यले जीविकोपार्जन, स्थानीय अर्थतन्त्र तथा समाजमा के-कस्ता सकारात्मक तथा नकारात्मक प्रभावहरु पर्दछन या परेका छन् एवं प्रभावहरु कतिको "दिगो" रहन्छन् भन्ने जानकारीहरु पनि मूल्यांकनको माध्ययमबाट संकलन गरिने छ।

## परिच्छेद - १०

## राहत सहयोगार्थ सहायता रकम विपद् व्यवस्थापन कोषमा जम्मा गर्ने सम्बन्धी व्यवस्था

(१३)विविध

(१) विपद्को समयमा नगद सहायता गर्न इच्छुक व्यक्ति, धार्मिक एवं परोपकारी संस्था, युवा समुह, आमा समूह, टोलसुधार समुह तथा अन्य कुनैले सहयोग गर्ने राहत (नगदमा यस गाउँपालिका विपद् व्यवस्थापन कोष वा गाउँपालिकाले आह्वान गरेको बैङ्क खातामा सिधै जम्मा गर्न सक्ने छ।

(२) सहयोग गर्न चाहने जोसुकैले यस गाउँपालिकाको राहत, विपद् व्यवस्थापन कोष शीर्षकमा तोकिएको बैंकको खातामा जम्मा गरी बुझाएको भौचरको एक प्रति यस समितिलाई बुझाउनु पर्ने छ।

(३) राहत कार्यमा सहयोग गर्ने सबैलाई यस गाउँपालिकाले सम्मान गर्न सक्नेछ ।

(४) नेपालको विद्यमान कानून तथा नीति/नियममा रही राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, संयुक्त राष्ट्र संघीय निकाय, साझेदार तथा मानवीय सेवामा कार्यरत संघसंस्थाले यस गाउँपालिकाको विपद् व्यवस्थापन कोषमा दाखिला गर्न नीतिगत अफ्ठेरो परिस्थिति हुन गएमा, या नचाहेको अवस्थामा उक्त कार्यक्रमहरु यस गाउँपालिकासंग समन्वय गरि सिधै सञ्चालन गर्न सक्ने छन्।

(५) परामर्श लिने सक्नेः समितिले यस कार्यविधि बमोजिमको कार्य सम्पादन गर्न उपयुक्त विज्ञ व्यक्ति वा संस्थासँग आवश्यक परामर्श लिन सक्नेछ।

**(६) सहयोगका लागि आह्वान गर्नेः**

(१) विपद्का कारण आपत्कालिन अवस्था सिर्जना भई स्थानीय स्रोत साधन र क्षमताले विपद्को सामना गर्न कठिन भएमा यस गाउँपालिकाले छिमेकी स्थानीय तह, प्रदेश तथा संघीय सरकारलाई समितिको विपद् व्यवस्थापन कोषमा आर्थिक सहायता उपलब्ध गराउन अनुरोध गर्न सक्नेछ।

(२) विपद्बाट प्रभावित व्यक्ति एवं परिवारलाई राहत, जीविकोपार्जन, आर्थिक पुनर्लाभ, पुनर्स्थापना तथा पुनर्निर्माण जस्ता कार्यमा सहयोग गर्नको लागि समितिले राष्ट्रिय तथा अन्तराष्ट्रिय मानवीय सेवामा संलग्न संघ-संथाहरु, स्थानीय सामाजिक तथा परोपकारी संघ, संगठन, युवाक्लव, आमासमूह, स्वयम् सेवक, राष्ट्रसेवक, उद्योगी व्यवसायी, निजि क्षेत्र, प्रबुद्ध व्यक्ति तथा आमसर्वसाधारणलाई सहयोगका लागि अनुरोध गर्न सक्नेछ।

(३) विपद्का कारण प्रभावित समुदायहरुको विभिन्न क्षेत्रगत अध्ययन, बजारको अवस्थाबारे अध्ययन, नगद सहयता सम्बन्धी विविध अध्ययन लगायत अन्य आवश्यक अध्ययन प्रतिवेदन तयार गर्न समितिले यहाँ उपस्थित स्थानीय तथा राष्ट्रिय गैर सरकारी संस्था तथा अन्य विकास साझेदार संस्थालाई आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन अनुरोध गर्न सक्ने छ।

(४) विपद प्रतिकार्य कार्य अवधिभरीको लागि अत्यावश्यक पर्न गएमा कुनै पनि सहयोगी व्यक्ति, संस्था या निकायलाई "स्थानीय नगद सहायता संयोजक को लागि अनुरोध गर्न सक्नेछ।

(७) अभिलेख राख्ने :

(१) समितिले नगद सहायता कार्यक्रम सम्बन्धमा गरेको निर्णय र अन्य काम कारवाहीको अभिलेख दुरुस्त राख्ने छ।

(२) गाउँ विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि अनुसार र यस गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनको मार्ग निर्देशन अनुरुप नगद सहायताको लेखा व्यवस्थापन गरिने छ। समपर्क व्यक्तिको जिम्मामा रहनेछ

(३) उपदफा (१) बमोजिमको अभिलेख गाउँ विपद व्यवस्थापन र उक्त अभिलेख सरोकारवाला कुनै व्यक्ति वा संस्थाले माग गरेमा निजलाई नियमानुसार उपलब्ध गराईनेछ ।

(४) व्यक्तिगत गोपनीयता सम्बन्धी ऐन, २०७५ को मर्म अनुसार सूचना संकलन, विश्लेषण तथा व्यवस्थापन गरिनुका साथै अभिलेख राखिने छ।

**(८) उपलब्ध नगद सहायता प्रयोग गर्न नपाईने अवस्थाहरुः**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि देहायको प्रयोजनका लागि राहतको लागि उपलब्ध भएको रकम अर्थात् विपद व्यवस्थापन कोषमा जम्मा भएको रकम खर्च गर्न पाईने छैनः

(क) नियमित प्रशासनिक कार्यको लागि,

(ख) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई नियमित रूपमा तलब, भत्ता वा अन्य सुविधा उपलब्ध गराउन,

(ग) कुनै सरकारी वा गैरसरकारी पदाधिकारी वा कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गर्न, गराउन,

(घ) विपद्बाट प्रभावितलाई दिईने तोकिए बमोजिमको राहत बाहेक अन्य कुनै पनि किसिमको चन्दा, पुरस्कार, उपहार वा आर्थिक सहायता उपलब्ध गराउन,

(ङ) कुनै पनि किसिमको गोष्ठी, अन्तरक्रिया वा सभा सम्मेलन सञ्चालन गर्न/गराउन,

(च) विपद् जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापनसँग प्रत्यक्ष सम्बन्ध नभएको अन्य कुनै पनि कार्य गर्न/गराउन।

**(१४)निर्देशन दिन सक्नेः** गाउँसभाले समितिको काम कारवाहीको सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

**(१५)संशोधनः** यस कार्यविधिमा थपघट गर्ने अधिकार प्रचलित कानूनको अधिनमा रही गाउँ कार्यापालिकाको हुनेछ।

अनुसूची १

दफा ११(१) संग सम्बन्धित

नगद सहायता वितरणका लागी विपद पिडितको वर्गिकरण

**१. वर्ग 'क'**

- वास स्थानमा पूर्ण रुपमा क्षती पुगेको, मर्मत संभार गरी पुनः वस्न योग्य बनाउन नसक्ने अवस्थामा रहेको,
- अन्यत्र कतै बस्न योग्य घर नभएको
- विपदबाट १ वा सो भन्दा बढि वास स्थान वा संरचनामा क्षती पुगेको,
- उल्लेखित सबै वा कुनै एक प्रकारको क्षती भएको,

**२. वर्ग 'ख '**

- बासस्थानमा पूर्ण रुपमा क्षती पुगेको तर मर्मत संभार गरी पुनःबस्न योग्य बनाउन सकिने अवस्था रहेको,
- अन्यत्र पनि आवासको रुपमा प्रयोग गर्न सकिने अस्थायी घरवासको संरचना रहेको,
- २ कोठे कच्ची भवन/संरचनामा पूर्ण रुपमा क्षती भएको,
- उल्लेखित सबै वा कुनै एक प्रकारको क्षती भएको,

**३. वर्ग 'ग'**

- कच्ची वासस्थानमा आंशिक रुपमा क्षती पुगेको, मर्मत गरी पुनः वस्न योग्य बनाउन सकिने अवस्थामा रेहको,

**४. वर्ग 'घ '**

- व्यापार व्यवसाय गर्ने व्यवसायीहरुको सरसामानमा क्षती भएको,

**५. वर्ग 'ङ '**

- विपदबाट भौतिक संरचनामा सामान्य क्षती भई सो को मर्मत वा पुनःनिर्माण गर्न

सकिने अवस्थामा रहेको,

- कृषि तथा पशुजन्य क्षती भएको,

नोटः

राहत नगद प्रदान गर्ने प्रयोजनको लागी विपद पिडितहरुको वर्गिकरण गर्दा निजहरुको आम्दानीको अन्य स्रोतहरु, विपदबाट पिडितहरुको जनस्वास्थ्यमा पर्नसक्ने नकारात्मक प्रभाव, निजको आर्थिक अवस्था, नगद राहतको आवश्यकता तथा अन्य निकायबाट प्राप्त गरेको सहायता समेतको अध्यन गरि गर्नु पर्नेछ।

**आज्ञाले,**
**होम बहादुर थापा मगर**
**प्रमुख प्रशासकीय अधिकृत**